Committee to Protect Journalists

**नियन्त्रणकारी विधेयकहरु र सरकारी दबावका बीच नेपालले ठूलो संघर्षबाट प्राप्त गरेको 'प्रेस स्वतन्त्रता' जोखिममा ।**

आलिया इफ्तिखार / सिपिजे, वरिष्ठ एसिया अनुसन्धानकर्ता

गतवर्ष 'खोजतलास' साप्ताहिकका सम्पादक राजु बस्नेतले ललितपुरमा सार्वजनिक जग्गाकब्जा सम्बन्धी समाचार सम्प्रेषण गर्ने बेला उनलाई आफू आगोसँग खेलिरहेको थाहा थियो । खोजतलासमा प्रकाशित समाचारमा उनले सार्वजनिक जग्गाकब्जा गर्ने कार्यमा सरकारी अधिकारीहरु सहित शक्तिशाली व्यक्तिहरुको संलग्नता रहेको खुलासा गरेका थिए । त्यो समाचार सम्प्रेषण नगर्न उनलाई पहिले नै धेरै चेतावनी पनि आइसकेको थियो । तथापि बस्नेतले कहिल्यै सोचेका थिएनन् कि उनी पक्राउ पर्नेछन् । यो कुरा हामी जब उनको काठमाडौंको छेउमा रहेको अस्थायी सानो कार्यालयमा भेट्दा उनले भने ।

बस्नेतले आफ्नो वेबसाइटमा अर्को मिडियामा प्रकाशित त्यही मुद्दाको समाचार पुन: प्रकाशित गरेको भोलिपल्ट प्रहरीले उनलाई विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐन अन्तर्गत पाँच दिनको लागि हिरासतमा लियो । विद्युतीय कारोबार ऐन साइबर अपराधलाई नियन्त्रण गर्नका लागि बनाइएको एउटा कानून हो तर पत्रकारहरूका अनुसार यो ऐन सामाजिक संजाल र वेबसाइटहरूमा समाचार वा टिप्पणी शेयर गर्ने वा प्रतिवाद गर्ने पत्रकारहरूका विरूद्ध प्रयोग गरिएको छ ।

"अहिलेको नेपालको अवस्था पत्रकार-मैत्री छैन," बस्नेतले भने । "यो अवस्था नाजुक छ।"

गत अक्टुबरमा, काठमाडौंमा मैले भेटेका धेरै पत्रकारले यस्तै धारणा राखे । त्यस क्रममा तिनले भने- सामान्यतया राजतन्त्र, अनि त्यसपछि सन् १९९० र २००० को दशकको शुरुवातसम्म रहेको माओवादी विद्रोहको समयको दाँजोमा परिस्थितिमा सुधार आएको भएतापनि विगत दुई वर्षयता २०१५ को नयाँ संविधानमा समाविष्ट रहेको "पूर्ण प्रेस स्वतन्त्रता" को सुनिश्चितताबाट सरकार टाढिएको छ ।

खड्गप्रसाद शर्मा ओलीको नेतृत्वमा रहेको नेपाल कम्युनिष्ट पार्टीको सरकारले संविधानमा उल्लेखित अधिकारहरुलाई संकुचित र कमजोर पार्ने गरी थुप्रै कानूनहरु प्रस्ताव गरेको छ । यीमध्ये तीन प्रस्तावित विधेयकहरु — मिडिया काउन्सिल विधेयक (जसले अर्ध-स्वायत्त प्रेस काउन्सिललाई सुधारको सिफारिस गर्दछ); विज्ञापन नियमन गर्ने विधेयक (जसले विज्ञापन सामग्रीको लागि प्रकाशकहरूलाई जिम्मेबार बनाउनेछ); र सूचना प्रविधि विधेयकले प्रेसमाथि नकारात्मक प्रभाव पार्नसक्ने छन् ।

नयाँ कानून तथा नियमहरूको साथसाथै, समाचार सामग्रीलाई सेन्सरका लागि सरकारी अधिकारी र दूतावासहरुको दबाब, पहुँच तथा पारदर्शितामा कमी, र संचार उद्योगको विज्ञापन राजस्वको ठूलो हिस्सा प्रदान गर्ने निजी स्वामित्व प्राप्त कम्पनीहरूका बारेमा रिपोर्ट गर्दा सावधानी अपनाउनुपर्ने अवस्था रहेको कुरा पत्रकारहरुले गरे ।

"हामीले सोच्यौं कि नयाँ संविधानले हाम्रो संरक्षण गर्दछ, तर लाग्छ फेरि हामीले प्रजातन्त्रका लागि लड्नैपर्छ," नेपाली भाषा दैनिक 'नागरिक' का सम्पादक गुणराज लुइटेलले मलाई भने ।

गलत सूचना प्रवाह र घृणायुक्त भाषणसँग सामना गर्न र पत्रकार-मैत्री वातावरण कायम गर्न यस्ता विधेयकहरु आवश्यक रहेको सरकारको तर्क छ । तर यी प्रस्तावित विधेयकहरु सरकारविरुद्ध हुने आलोचना र असहमतिलाई रोक लगाउने अभिप्रायले प्रेरित रहेको धारणा पत्रकारहरुको छ । प्रस्तावित विधेयकहरू कुनै परिमार्जन नगरी वर्तमान स्वरुप मा पारित गरियो भने यो देशको पत्रकारितामाथि आउँदा वर्षहरुमा सबैभन्दा ठूलो संकट हुने कुरा पत्रकारहरुले मलाई भने ।

"सरकारले संविधान नै उल्लङ्घन हुनेगरी यस्ता धेरै कानुनहरु प्रस्ताव गर्न खोज्दै छ," अंग्रेजी दैनिक 'हिमालयन टाइम्स'का सम्पादक प्रकाश रिमालले भने । "ती सबैले प्रेस स्वतन्त्रतालाई कटौती गर्नेतर्फ डो-याउँदैछ र यसले सेन्सरशिप वा सेल्फ सेन्सरशिपलाई मात्र प्रोत्साहित गर्दछ ।"

डिसेम्बरको अन्ततिरको एक फोन अन्तर्वार्तामा सञ्चार तथा सूचना प्रविधि मन्त्री गोकुल प्रसाद बाँस्कोटाले मलाई भने, "यी प्रस्तावित विधेयकहरु 'संविधानमा आधारित' छन् र पत्रकारहरूविरुद्ध प्रयोग गर्न सकिने टिप्पणी "झुट्टा" हुन् ।"

"हामीले कहिल्यै पनि प्रेस स्वतन्त्रता विरोधी कानूनहरु बनाएका छैनौं," उनले थपे । "मूलधारका मिडियामा नभई सामाजिक सञ्जालमा हुने अपराधहरुलाई रोक्नका लागि केही प्रावधानहरू राखिएका छन् ।"

**प्रेस स्वतन्त्रता नियन्त्रणमा**

सन् २०१७ मा संविधानसभाले अपराध संहिता पारित गरेपछि प्रेस स्वतन्त्रताको कटौती शुरु भयो । अर्को वर्ष जब यो संहिता लागू भयो, सार्वजनिक हितको पत्रकारितालाई जोखिममा पु-याउने संहिताका प्रावधानहरूमाथि सिपिजेले चेतावनी पनि दियो । सरकारद्वारा गठित एक समितिले संशोधनको सुझाव

दिएको तर ती सुझावहरु मनन नगरिएको कुरा नेपाल पत्रकार महासंघका अध्यक्ष गोविन्द आचार्यले भने । यस समितिमा स्थानीय प्रेस स्वतन्त्रता जन-वकालत समूह पनि सामेल गरिएको थियो ।

मैले कुरा गरेका लगभग हरेक पत्रकारले प्रेस काउन्सिललाई सुधार गर्नुपर्ने अभिव्यक्ति थियो भने धेरैजसोको सबैभन्दा बढी चासो रहेको विधेयक मिडिया काउन्सिल विधेयक थियो । मे महिनामा संसदमा दर्ता भएको प्रस्तावित विधेयकले प्रेस काउन्सिललाई संशोधन गरी यसलाई अझ सरकारको नियन्त्रणमा ल्याउनुका साथै कुनै पनि

व्यक्तिको प्रतिष्ठामाथि असर पारेमा जरिवाना तोक्ने अधिकार काउन्सिललाई दिएको छ। सरोकारवालासँगको परामर्श बिना नै (सोझै) ल्याईएको विधेयकलाई देशभरिका पत्रकारहरुले आलोचना गरे । नेपाल पत्रकार महासंघले बुझाएको धेरै संशोधनका प्रस्तावहरु माथि सरकारले राष्ट्रिय सभाको अर्को सत्रमा छलफल गर्ने भएको छ ।

ती प्रस्तावित कानूनहरुमाथि लोकतान्त्रिक प्रक्रिया अनुसार अझै पनि छलफल जारी रहेको कुराको जिकिर बाँस्कोटाले गत डिसेम्बरमा गरेका थिए ।

विज्ञापन नियमन गर्ने विधेयक अन्तर्गत संचारगृहका मालिकहरु र प्रकाशकहरुलाई विज्ञापनका सामग्रीहरुका लागि जिम्मेवार बनाइने छ । हिमालयन टाईम्सका अनुसार कुनै अपमानजनक, झुट्टा वा गोप्य सामग्री प्रकाशित गरेको खण्डमा दश हजार रुपैया जरिवानाको साथै एक वर्षसम्म सजाय लगायतका प्रावधानहरु यस विधेयकमा समाविष्ट गरिएको छ ।

“कुनै पनि लोकतान्त्रिक मुलुकमा मैले यस्तो अवस्था देखैको छैन ।” स्थानीय गैरसरकारी संस्था फ्रीडम फोरमका निर्देशक तारानाथ दहालले भने । तल्लो सदनले अनुमोदन गरिसकेपश्चात् डिसेम्बरको अन्ततिर यो विधेयक पारित गर्नकालागि राष्ट्रिय सभामा पेश गरिएको थियो ।

सूचना प्रविधि विधेयकमा खास गरी विद्यमान विद्युतीय कारोबार ऐनलाई समाबिष्ट गरेको छ, जस अन्तर्गत बस्नेतलगायत कैयौं पत्रकार जेल चलान भए । हालै नेपाल ठूलै ह्याकिङ्गको शिकार भयो, त्यसैले

साईबर अपराध कानुन आवश्यक छ तर यस्तो प्रकारको चाहिँ होईन जसले पत्रकार राजु बस्नेतलाई जेल चलान गर्दछ, 'घटना र विचार' साप्ताहिककी सम्पादक बबिता बस्नेतले पानी परिरहेको साँझ चिया पिउदै मसित तर्क राखिन् ।

बबिता बस्नेतले हास्य कलाकार प्रनेश गौतमको मुद्दा औंल्याईन् । गत जुनमा विद्युतीय कारोबार ऐनअनतर्गत गौतमलाई आफ्नो यूट्यूब च्यानल " मिम नेपाल" मा एक नेपाली चलचित्रको आलोचना गरेको आरोपमा नौ दिन जेल राखिएको थियो । "यसभन्दा पहिला हाम्रा दाजुभाइ तथा दिदीबहिनीले सरकारको आलोचना गरेर सामाजिक संजालमा हास्य-व्यङग्य (जोक्स) पोष्ट गर्नेगर्थे, तर अब उनीहरू पोष्ट गर्दैनन्," उनले भनिन् । "सर्वसाधारणहरु अहिले नै त्रसित छन् ।"

"कदाचित प्रहरीलाई यो कानुन आफ्नो तरिकाले व्याख्या गर्न दियौं भने प्रेस खतरामा पर्नेछ।," वरिष्ठ पत्रकार र कान्तिपुर तथा नागरिक पत्रिका पूर्वसम्पादक नारायण वाग्ले भने । "आईटी विधेयकले पुलिसलाई थप अधिकार दिनेछ, यसले उनीहरूलाई कानुनी रुपमा अझ शक्तिशाली बनाउँदछ ताकि प्रेस नियन्त्रणमा रहोस् ।"

प्रदेश स्तरमासमेत कैंयौं विधेयकहरु पारित हुदैछ । प्रदेश नं. १ को रेडियो संचालन र व्यवस्थापन ऐनमा पहिला पत्रकारहरुलाई तिनको कामका लागि जेलमा राख्नुपर्ने प्रावधान समावेश गरिएको थियो, आचार्यले भने । तर त्यो प्रावधान नेपाल पत्रकार महासंघको पैरवीले हटाउन सफल भयो ।

**दबाबमा प्रेस**

नियन्त्रणकारी कानूनका अतिरिक्त पारदर्शिता, विकास वा भ्रष्टाचार सम्बन्धी समाचारमाथि काठमाडौंका सम्पादकहरूले सरकारी अधिकारी र केही दूतावासका कर्मचारीहरूबाट आफुले दबाब भोग्नुपरेको कुरा समेत सुनाए । सम्पादकहरूका अनुसार ती फोन कलहरूले सोझै धम्की त दिएका थिएनन् तर ती अधिकारीहरूले प्रकाशित समाचारको बारेमा प्रश्न सोध्ने गरेका छन् र केही अवस्थामा सरकार समर्थकहरूले प्रकाशित समाचारमाथि आलोचना गर्न फोन गरेका छन् ।

प्राय: महिनामा एक वा दुई चोटि यस्ता फोन कल आउँने गर्दछ, निजी स्वामित्वमा रहेको हिमालय टेलिभिजनका सम्पादक विनोद ढुङ्गेल भने । बबिता बस्नेतले भनिन् उनलाई पनि यस्ता फोनहरु आउछन् । धेरैजसो अपराध वा भ्रष्टाचार सम्बन्धी गरिएको समाचारलाई लिएर फोनकलहरु आउछन् । कार्टुनिस्ट राजेश केसीले पनि आफुलाई "सरकारविरोधी" किन भएको भनेर फोनकल आउनेगर्दछ भने कुराको जिकिर

गरे । राजाको पालामा र माओवादी द्वन्द्वकालमा पनि यस्तै फोन आउँनेगर्थे उनलाई । उद्देश्य एउटै थियो - सरकार आलोचना सुन्न चाहँदैन ।

काठमाडौं पोष्टका समाचार सम्पादक संजीव सतगैंयाका अनुसार सरकारले कुनै पनि आलोचनालाई आफू विरुद्धको षडयन्त्र ठान्छ । "कुनै पनि आलोचनात्मक कुरालाई अस्थिरता र लोकतन्त्र तथा गणतान्त्रिक संरचनामाथि खतराको रूपमा देखिएको छ," उनले भने ।

अंग्रेजी दैनिक द काठमाडौं पोष्टका सम्पादक अनुप काफ्लेका अनुसार तिब्बत र दलाई लामासँग सम्बन्धित प्रकाशित समाचारहरुप्रति उनीहरु संवेदनशील भएको कुरा चिनियाँ दूतावासका कर्मचारीले उनलाई र प्रकाशकलाई फोन गरि भनेका थिए ।

नागरिकका सम्पादक गुणराज लुइटेलले पनि हङ्कङबारे प्रकाशित समाचारका सम्बन्धमा चिनियाँ दूतावासका कर्मचारीहरूले आफूलाई फोन गरेको जानकारी गराएँ । नेपाली मिडिया छिमेकी देशहरूमा संवेदनशील ठानिने विषयबाट टाढा हट्ने गरेको कुरा लुईटेलले भने । "यदि तपाईंले कश्मीर वा तिब्बतबारे खोज्नुहुन्छ भने यो विषयमा बिरलै कभरेज भेटिन्छ," उनले भने । "हामी रिपोर्ट गर्न थाल्यौं भने हाम्रो सरकार चिढिन्छ, त्यसैले हामी वायर वा एजेन्सीका समाचारहरु प्रकाशित गरिरहेका छौं ।"

तर, सरकारले पत्रकारलाई हस्तक्षेप गर्ने प्रयास गरेको आरोप सञ्चारमन्त्री बाँस्कोटाले अस्वीकार गरे।

नेपालमा अवस्थित चिनिया दूतावासले टिप्पणीको लागि सीपीजेको अनुरोधमाथि कुनै प्रतिक्रिया दिएन।

नेपाल सरकारको प्रेसप्रतिको पछिल्लो मनोवृत्तिपछाडि चीन र भारतको प्रभाव र "सी जिन पिङ विचारधारा" (चिनियाँ राष्ट्रपतिको राजनीतिक दर्शन जसले कम्युनिष्ट पार्टीको सर्वोच्चतालाई बढावा दिन्छ) को आत्मसात समेत रहेको देखिन्छ । स्वतन्त्र पत्रकार दीपक अधिकारीले भने कि यी विधेयकहरु निर्वाचित अधिनायकवादतिर उन्मुख देखियो ।

"[सरकारले] कम्बोडियाको हुन-सेनको प्रशंसा गर्दछ, अनि चीनजस्तो हुन कोशिस गर्दैछन् । जब तपाईले यस्ता कुराहरु सुन्नुहुन्छ, यो चिन्ताको विषय हो," काठमाडौं पोष्टका सम्पादक अनुप काफ्लेले भने । "तर उनीहरूले पनि देखेका छन् कि यसले काम गर्दछ... यसले ट्रम्पका लागि काम गरिरहेको छ, यो एर्दोगनको लागि काम गरिरहेको छ, यो मोदीको लागि काम गरिरहेको छ ।"

विज्ञापन राजस्व गुमाउने जोखिमका कारण पत्रकारहरूले निजी स्वामित्वमा रहेका कम्पनीहरू र व्यवसायहरुकाबारे रिपोर्टिङ्ग गर्न चुनौती रहेको बारेमा पनि कुरा गरे ।

"हामी कर्पोरेट संसारको चाहिएको खोज पत्रकारिता गर्दैनौं किनकि तिनीहरु विज्ञापनको ठूलो अंश हुन् र नेपालमा विज्ञापन वास्तवमै सानो छ, "काठमाडौं पोष्ट" की पत्रकार भृकुटी राईले भनिन् ।

लुइटेलले मलाई भने - यदि कुनै समाचार माध्यमले कुनै कम्पनीका बारेमा आलोचनात्मक रिपोर्टिङ्ग गर्दछ भने, तिनका मालिकहरूले कहिलेकाँही मार्केटिंग विभागलाई फोन गर्दछ र विज्ञापन फिर्ता लिन्छन् । पूर्ण रुपमा विज्ञापनद्वारा प्राप्त हुने स्रोतबाट चलेको समाचार वेबसाइट सेतोपाटी चलाउने पत्रकार अमित ढकालले थपे, "म एकै समयमा धेरै ढोकाहरु बन्द गर्ने कुरामा केही सतर्क छु ।"

**पहुँच अस्वीकृत**

धेरैजसो पत्रकारले भने - सरकारले अन्य क्षेत्रमा नियन्त्रण लगाएका कुराहरु देखेका छन्; हरेक दिन हुदै गरेको प्रेस ब्रिफिङ्गहरु हप्ताको एकपटकमा झरेका छन्, मन्त्रीहरू मिडियासँग कुरा गर्न कम इच्छुक हुन्छन् र मन्त्रिपरिषद्ले नियमित रूपमा आफ्ना निर्णयहरू सम्बन्धित वेबसाइटमा सार्वजानिक गर्दैन । एकपल्ट, सरकारी अधिकारीहरूले पत्रकारका प्रेसपास नवीकरण गर्न नै अस्वीकार गरे ।

नेपाली न्यूज वेबसाइट 'सञ्चार केन्द्र' ले प्राय: सरकारद्वारा प्रतिबन्ध लगाईएको नेत्रविक्रम चन्द (विप्लव) नेतृत्वको नेपाल कम्युनिष्ट पार्टीको बारेमा खबर दिन्छ। 'सञ्चार केन्द्रका सम्पादक दिया चन्दले मलाई भनिन् – प्रहरीले त्यस पार्टीको एक सदस्यलाई मारेको घटनाबारे समाचार लेखेपछि सरकारी अधिकारीहरुले उनको प्रेसकार्ड नवीकरण गर्न अस्वीकार गरे । अधिकारीहरूले उनलाई भने – कि उनी सरकारका लागि समस्याहरू सिर्जना गरिरहेकी छिन् त्यसैले

उनको प्रेस पास नवीकरण अनुरोध अस्वीकार गरिएको थियो । नेपाल पत्रकार महासंघको पहलमा उनी अन्ततः प्रेस पास नवीकरण गर्न सफल भएकी थिइन् ।

"यदि हामीले अहिलेको अवस्थालाई द्वन्द्वकालीन वा सशस्त्र विद्रोहसँग तुलना गर्यौं भने स्थिति राम्रो देखिन्छ तर अहिलेको सरकार चाहन्छ: पत्रकारहरुले त्यही लेखुन् जो सरकार पढ्न चाहनछ" खोजी

पत्रकारीता गर्ने वेबसाइट लोकान्तरका सम्पादक विमल गौतमले मलाई भने । "विभिन्न स्रोतहरु वा अधिकारीहरूबाट आएको फोन-कल सामान्य कुरा हो तर बेला-बेलामा सरकारले पनि फरक मतलाई खलबल्याउन खोज्छ; र पत्रकारिताका सिद्धान्तहरू सिकाउने प्रयत्न समेत गरिरहेको छ ।"

"सरकारका बारेमा नराम्रा कुरा धेरै लेखिएका छन् भन्ने सरकारले ठान्दछ,""रिमालले भने। "त्यसैले सरकार उसले ठानेको 'जिम्मेवार पत्रकारिता' गराउन कोशिस गरिरहेको छ ।"

राजनीतिक नियुक्त पाएका प्रेस काउन्सिलका अध्यक्ष किशोर श्रेष्ठसँग नेपालको वर्तमान प्रेस स्वतन्त्रताको अवस्थाबारे छलफल भेटमा ठीक यही कुरो प्रस्ट देखिन्छ। उनले यसो भनेका थिए, "प्रेसको अवस्था अझै लथालिंग छ । हामीलाई धेरै प्रेस स्वतन्त्रता दिइयो ।"

प्रेस काउन्सिलले भर्खरै नयाँ आचार संहिता ल्याएको छ, जसमा काउन्सिलले पत्रकारको सामाजिक संजालका खाताहरूको अनुगमन गर्ने र त्यसमा रहेका आपत्तिजनक पोष्टहरु विरूद्ध कारबाही गर्ने प्रावधान समाबिष्ट छन् ।

श्रेष्ठका अनुसार आचारसंहिता आवश्यक थियो किनभने नेपाली मिडियाले "गुणस्तर नियन्त्रण" गरेको छैन । मिडिया "जिम्मेवार र व्यावसायिक" हुनुपर्छ । उनले भने - प्रेस स्वतन्त्रताको मात्र नभई पाठकहरु रक्षा गर्ने उनको कर्तव्य हो । पत्रकारहरु र घृणात्मक अभिव्यक्तिबाट पाठकहरु पनि पीडित हुन सक्छन् ।

साप्ताहिक टेबलोइड 'जनआस्था' का लागि समेत काम गर्ने अध्यक्षले भने - उनी विद्युतीय कारोबार ऐन र मिडिया काउन्सिल विधेयकका केही आलोचनासँग सहमत छन् र संशोधनका लागि जोड दिइरहेका पनि छन् ।

स्वतन्त्र राष्ट्रिय मानव अधिकार आयोग नेपालका सदस्य तथा अधिवक्ता मोहना अन्सारीले प्रेस काउन्सिलले तोकेको आचार संहिता कपटी भएको बताईन् । "अभद्र वा घृणात्मक अभिव्यक्तिलाई नियन्त्रणको नाममा तपाईं अभिव्यक्ति स्वतन्त्रतामाथि अंकुश लगाउन सक्नुहुन्न," उनले भनिन् ।

काठमाडौं प्रेस नामक समाचार वेबसाइटका सम्पादक कसमस विश्वकर्माले यसलाई "बुल्शिट" भनेर वर्णन गर्दै अघि बढे । "लोकतन्त्र यसरी चल्दैन," उनले भने। " जिम्मेवार पत्रकारिता भनेको के हो भनी कसले निर्णय लिने हो?"

Committee to Protect Journalists

[काठमाडौंबाट रिपोर्टिङ्ग]

काठमाडौंबाट स्वतन्त्र पत्रकार रोजाता अधिकारीले यस अंशलाई अनुसन्धान र रिपोर्टिङ मार्फत सहयोग गरिन् ।

*[सम्पादकको नोट : यो आर्टिकल बबिता बस्नेतको टिप्पणीलाई स्पष्ट पारि अपडेट गरिएको छ ।]*